# आगामी आर्थिक वर्षको बजेट निर्माण सुरु




■ सौर्य समाचार

काठमाडौँ । आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माण प्रक्रिया अघि बढेको छ । राष्ट्रिय योजना आयोगका अनुसार आगामी आर्थिक वर्षको बजेटका लागि सम्भावित स्रोत खोज्ने र खर्चको सीमा निर्धारण गर्नेगरी राष्ट्रिय स्रोत अनुमान समितिले काम थालिसकेको हो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ७ मा वार्षिक बजेट बनाउँदा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी ३ वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वनुमान चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था रहेको छ ।

यसका लागि योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति छ । उक्त समितिलाई सहयोग गर्ने गरी अर्को प्राविधिक समिति बनाएर प्रारम्भिक काम थालिसकेको आयोगका सचिव रविलाल पन्थले जानकारी दिए । उनले भने, 'प्राविधिक समितिको बैठक बसेर काम सुरु भइसकेको छ । समष्टिगत आर्थिक परिसूचकलाई विश्लेषण गरेर स्रोत अनुमान गर्नुपर्ने हुँदा नेपाल राष्ट्र बैंक, राष्ट्रिय तथ्यांक कार्यालय, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयसँग तथ्यांक र विवरण मागिएको छ ।'

प्राविधिक समितिले स्रोत अनुमान समितिको बैठकका लागि तयारी गरिरहेको र कानुनले तोकेको समयभित्र बजेट सिलिङ पेस हुने उनले बताए । राष्ट्रिय स्रोत अनुमान समितिले माघ मसान्तसम्ममा स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गरिसक्नुपर्ने र सो सम्बन्धी प्रतिवेदन प्रत्येक वर्षको फागुन ७ भित्र अर्थमन्त्रीसमक्ष पेस गरिसक्नुपर्ने ऐनको व्यवस्था छ । स्रोत अनुमान समितिले आवधिक योजनामा प्रक्षेपित लगानी तथा वित्तीय आवश्यकताको आधारमा आगामी ३ आर्थिक वर्षको लागि संघ, प्रदेश र स्थानीय तहको कुल राष्ट्रिय स्रोत अनुमान गर्नुपर्ने व्यवस्था रहेको छ । हाल कार्यान्वयनमा रहेको १६औँ पञ्चवर्षीय योजना कार्यान्वयन कार्ययोजना बनाएर मन्त्रिपरिषद्मा पठाइएको पनि आयोगका सचिव पन्थले जानकारी दिए ।

स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको आर्थिक र आर्थिक वर्षको ६ महिनाको समष्टिगत आर्थिक परिसूचक, आगामी आर्थिक वर्षमा उपलब्ध हुनसक्ने राजस्व, विकास सहायता र आन्तरिक ऋणलगायतका संघीय सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा वस्तुनिष्ठ भई स्रोतको अनुमान गर्नुपर्ने हुन्छ । त्यस्तै, स्रोतको अनुमान भएपछि चालु वर्षको मध्यमकालीन खर्च संरचनासमेतलाई दृष्टिगत गरी खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था पनि ऐनमा रहेको छ ।

खर्चको सीमा निर्धारण गर्दा अनिवार्य दायित्व तथा जनाइएको प्रतिवद्धता बमोजिम भुक्तानी हुन बाँकी रकमसमेत समावेश गरी समष्टिगत आर्थिक स्थायित्वमा प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने लगायतका विषयहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा राखिएका छन् । यसअघि आयोगले आगामी आवका लागि संघीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको प्रदेश र स्थानीय तहसँग प्रस्ताव माग गरिसकेको छ । प्रदेश तथा स्थानीय तहका लागि संघीय सरकारबाट उपलब्ध हुने समपूरक तथा विशेष अनुदान लिनका लागि माघ मसान्तभित्रमा प्रस्ताव पेस गरिसक्नुपर्नेछ ।

## 'योजनाको आधारभूत पक्ष समेटेर बजेटको आधार तयार हुन्छ'



काठमाडौँ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा.प्रकाशकुमार श्रेष्ठले वर्तमान सरकार निर्वाचन केन्द्रित अन्तरिम सरकार भए पनि बजेट निर्माणको आधार तयार गर्न राष्ट्रिय योजना आयोगले आफ्नो नियमित पूर्वतयारी सुरु गरिसकेको बताएका छन् । उनले विभिन्न मन्त्रालय, प्रदेश र स्थानीय तहबाट योजना संकलन, स्रोत अनुमान र अनुदानको तयारीको अध्ययनको काम निरन्तर हुने कुरा भएकोसमेत उल्लेख गरे ।

उनले भने, 'आयोगले अहिले योजनाको आधारभूत पक्ष समेटेर बजेटको आधार तयार पार्ने हो र यसमै केन्द्रित छ । यसबाट निर्वाचनपछि आउने सरकारले नीतिगत प्राथमिकतामा केन्द्रित भएर आफ्नो बजेट ल्याउनेछ । सुशासन, पारदर्शिता र विकासको गति बढाउने आधार तयार गर्नु नै अहिलेको सरकार र योजना आयोगको प्रमुख दायित्व हो ।'

हाल कार्यान्वयनमा रहेको १६औँ योजनाको दोस्रो वर्षमा रहेको बताउँदै श्रेष्ठले यो योजना आफैँमा अघिल्ला योजनाभन्दा फरक ढंगले तयार गरिएको जानकारी दिए । उनले भने, 'यो थिम्याटिक र कार्यान्वयनमुखी छ । म स्वयंसमेत संलग्न रहेको टोलीले विभिन्न मन्त्रालयहरूसँग व्यापक छलफल गरी करिब १ वर्ष लगाएर यो योजना तयार पारेका हौँ । अहिले हामी योजनाको दोस्रो वर्षमा छौँ, अझै ३ वर्ष बाँकी छन् । यस योजनाका पछ्याउने कार्यान्वयनकारी दस्तावेजले मन्त्रालयहरूलाई बजेट निर्माणमा स्पष्ट मार्गनिर्देशन गर्छ, यसले लक्ष्य प्राप्तिमा पक्कै सहजता ल्याउँछ ।'

योजना आयेगले बनाएको ढाँचामा योजना कार्यान्वयन नहुँदा आलोचना हुने गरेको छ । उपाध्यक्ष श्रेष्ठले योजना कार्यान्वयन प्रभावकारी नहुनुको प्रमुख कारण भनेको राजनीतिक अस्थिरता नै भएको बताए । उनले भने, 'राजनीतिक नेतृत्व स्पष्ट नहुनु, निर्देशन र योजनाको निरन्तरतामा समस्या हुनु अस्थिरताको प्रमुख उपज हो । समयसमयमा राजनीतिक नेतृत्व परिवर्तन हुनु र उसको नीति फरक भइदिँदा पहिलाको योजनालाई निरन्तरता दिनसकेको हुँदैन । त्यस्तै कर्मचारी संयन्त्रमा पनि अस्थिरता, क्षमताको अभाव, छिटोछिटो सरुवा, वित्तीय साधनको अपर्याप्तता र विनियोजनमा कुशलताको कमजोरी देखिन्छ । राजनीतिक अस्थिरताले गर्दा सरकारका प्राथमिकताहरू बारम्बार फेरिने, साना परियोजनामा बढी ध्यान जाने र ठूला रूपान्तरणकारी काम ओझेलमा पर्ने अवस्था सृजना गरेको छ । यसले योजनामा समावेश नीति र रणनीतिहरूको कार्यान्वयनमा समस्या आएको हो ।'

**Kamalbazar Municipality**
**Office of the Municipal Executive**
**kamalbazar, Achham**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bids**

**Date of publication: 2082/10/04**
**Invitation for Bids No: KBM/ACHHAM/MED/NCB/G/05/082-083**
**Contract Identification No: KBM/ACHHAM/MED/NCB/G/05/082-083**

1. The Office of the Municipal Executive, Kamalbazar,achham invites electronic bids from Nepalese eligible bidders/suppliers for the Supply and Delivery of Medicine at Kamalbazar muncipality,achham under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the municipal website:kamalbazarmun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp or may contact at the office of the Municipal Executive, Kamalbazar muncipality,achham contact no 9858431111.
3. Bidder shall submit their bid electronically only and they can download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,.Bidders should deposit the cost Nrs 3000.00 of bidding document in the Project's Aantarik Rajaswa(revenue) account with SUTRA revenue voucher as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher must be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:Name of the Bank: prabhu bank ,Name of Office: kamalbazar Municipality Office Account name : GA-1.1 KAMALBAZAR NA.PA.ANTARIK RAJASWO KHATA, Account no.: 1300133395900061
4. Pre-bid meeting shall be held at Meeting Hall, office of the Municipal Executive, Kamalbazar muncipality, kamalbazar, achham at 13:00 hrs on 2082/10/28.
5. Electronic bids must be submitted to the Office of the Municipal Executive, Kamalbazar muncipality,kamalbazar,achham through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 2082/11/04. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00, 2082/11/04 at the Office of the Municipal Executive, Kamalbazar muncipality,kamalbazar,achham. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in .pdf format, amounting to a minimum of 63000, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission

*Chief Administrative Officer*
*Kamalbazar, Municipality*

## लघुवित्तहरूको लाभांश वितरणमा कडाइ

■ सौर्य समाचार



काठमाडौँ । नेपाल राष्ट्र बैंकले इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूको लाभांश वितरणमा कडाइ गरेको छ । राष्ट्र बैंकले खराब कर्जा अनुपात र लाभांश वितरणपछि कायम हुने पुँजीकोष अनुपातलाई आधार मानी लाभांश वितरणको सीमा तोकेको हो । राष्ट्र बैंकका अनुसार खराब कर्जा अनुपात ५ प्रतिशतभन्दा कम, ५ देखि १० प्रतिशतसम्म र १० देखि १५ प्रतिशतसम्म रहेका लघुवित्त संस्थाहरूले पुँजीकोषको अवस्थाअनुसार तोकिएको सीमाभित्र मात्र लाभांश वितरण गर्न सक्नेछन् । खराब कर्जा अनुपात १५ प्रतिशतभन्दा बढी भएका संस्थाहरूलाई लाभांश वितरण गर्न नपाइने व्यवस्था गरिएको छ ।

राष्ट बैंकले गरेको व्यवस्थाअनुसार लघुवित्तहरूले २५ प्रतिशतसम्म लाभांश वितरण गर्न सक्नेछन् । लघुवित्तहरूको पुँजीकोष अनुपात तथा पछिल्लो असार मसान्तको निष्क्रिय कर्जा अनुपातलाई आधार मानेर ५ देखि २५ प्रतिशतसम्म लाभांश वितरण गर्न सक्ने व्यवस्था केन्द्रीय बैंकले गरेको हो ।

यसअघि १५ प्रतिशतभन्दा बढी लाभांश वितरणको प्रस्ताव गरेमा सोभन्दा माथिको प्रस्तावित लाभांशको ५० प्रतिशतले हुने रकम साधारण जगेडा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था थियो ।

नयाँ व्यवस्थाअनुसार लाभांश वितरणपछिको पुँजीकोष अनुपात १२ प्रतिशतभन्दा माथि र निष्क्रिय कर्जा अनुपात ५ प्रतिशतभन्दा कम भएका लघुवित्तहरूले २५ प्रतिशत लाभांश वितरण गर्न सक्नेछन् । त्यस्तै, पुँजीकोष अनुपात १० देखि १२ प्रतिशत र निष्क्रिय कर्जा ५ प्रतिशतभन्दा कम हुने लघुवित्तले २० तथा ८ देखि १० प्रतिशत पुँजीकोष अनुपात र ५ प्रतिशतभन्दा कम निष्क्रिय कर्जा हुने लघुवित्तहरूले १५ प्रतिशत लाभांश वितरण गर्न सक्नेछन् ।

त्यस्तै, नगद लाभांश वितरण गर्ने लघुवित्त संस्थाले न्यूनतम पुँजीकोष अनुपात कायम गर्नुपर्नेछ । साथै, राष्ट्र बैंकले तोकिएको चुक्ता पुँजी कायम गर्न नसकेका लघुवित्त वित्तीय संस्थाहरूले कर प्रयोजनबाहेक नगद लाभांश वितरण गर्न नपाउने स्पष्ट गरेको छ । राष्ट्र बैंकको यो व्यवस्थाले लघुवित्त क्षेत्रमा वित्तीय अनुशासन कायम गर्न, जोखिम व्यवस्थापन सुधार गर्न तथा निक्षेपकर्ता र लगानीकर्ताको हित संरक्षण गर्न सहयोग पुग्ने दाबी गरिएको छ ।

**Mai Municipality**
**Office of The Municipal Executive**
**Sitali, Ilam**
**Koshi Province, Nepal**

**Invitation of Bids For The Following Works**

(First Date of Publication: 2082/10/04)

Mai Municipality invites Electronic Bids for the Procurement of Following Works under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ) Procedure. Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of **Mai Municipality, Office of Municipal Executive, Sitali, Ilam ( maimun.gov.np ),** may email on the email address (**mainagarpalika@gmail.com**) , or may call on **(9849079791 / 9852639111)** at office time.

| S. N. | Contract ID | Description of Works | Estimated Amount (Including V.A.T & P.S.) | Bid Document Fee | Bid Security Fee | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | MM/NCB/ WORKS / 01/082/83 | Construction of Ghumti-Paltar-Sandhuwa Black Topped Road Ward 01 and Museykhola Culvert Ward 03 | 73,09,687.00 | 3,000.00 | 1,61,000.00 (90+30 Days) | 2082/11/05 12:00 (Noon) | 2082/11/05 13:00 PM |
| 2 | MM/NCB/ WORKS / 03/082/83 | Construction of Saraswati Ma. Bi. School Building | 69,97,207.02 | 3,000.00 | 1,54,000.00 (90+30 Days) | 2082/11/05 12:00 (Noon) | 2082/11/05 13:00 PM |
| 3 | MM/NCB/ WORKS / 04/082/83 | Construction of Janata Ma. Bi. School Building | 69,97,207.02 | 3,000.00 | 1,54,000.00 (90+30 Days) | 2082/11/05 12:00 (Noon) | 2082/11/05 13:00 PM |
| 4 | MM/NCB/ WORKS / 05/082/83 | Construction of Sombarey Zero to Deurali Blacktop Road | 49,50,248.76 | 3,000.00 | 1,09,000.00 (90+30 Days) | 2082/11/05 12:00 (Noon) | 2082/11/05 13:00 PM |
| 5 | MM/NCB/ WORKS / 06/082/83 | Upgrading Works of Nigurey Kholsi - Gadheni Bhanjyang - Tungnetar - Su. Na. Pa. 14 Road Mai 05 | 24,34,956.54 | 3,000.00 | 54,000.00 (90+30 Days) | 2082/11/05 12:00 (Noon) | 2082/11/05 13:00 PM |
| 6 | MM/SQ/ WORKS / 01/082/83 | River training Works of Dhalapani Ward 2 and 4 | 13,00,227.37 | 1,000.00 | 28,500.00 (45+30 Days) | 2082/10/19 12:00 (Noon) | 2082/10/19 13:00 PM |

**Chief Administrative Oficer**

### बागमती प्रदेश सरकारको ६ महिना
## पुँजीगत खर्चको अवस्था नाजुक

■ सौर्य समाचार




बागमती । अर्थतन्त्र चलायमान बनाउने मुख्य सूचक पुँजीगत (विकास) खर्चमा बागमती प्रदेश सरकारको उपलब्धि न्यून देखिएको छ । बागमती सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ को ६ महिनाको अवधिमा ८.९९ प्रतिशत मात्र पुँजीगत खर्च गरेको हो ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेश सरकारले चालु आव २०८२/०८३ को साउनदेखि पुससम्ममा कुल बजेटको करिब १४.१० प्रतिशत खर्च गरेको छ । जुन अघिल्लो आर्थिक वर्ष २०८१/०८२ को तुलनामा २.१७ प्रतिशत कम खर्च भएको हो ।

आव २०८१/०८२ को ६ महिनाको अवधिमा प्रदेश सरकारले कुल बजेटको १६.२७ प्रतिशत बजेट खर्च गरेको थियो । प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत केशव भण्डारीका अनुसार चालु आव २०८२/०८३ को ६ महिनाको अवधिमा प्रदेश सरकारले चालुतर्फ २२.४८ प्रतिशत र पुँजीगततर्फ ८.९९ प्रतिशत बजेट खर्च गरेको छ । चालु आव २०८२/०८३ का लागि प्रदेश सरकारले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रुपैयाँको बजेट ल्याएकोमा ६ महिना सकिँदा ९ अर्ब ५८ करोड ४ लाख ४५ हजार रुपैयाँ बजेट खर्च भएको उनले बताए ।

विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश लोकसेवा आयोगले ३६.३५ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले ३०.८० प्रतिशत, प्रदेशसभा सचिवालयले २९.३५ प्रतिशत, श्रम रोजगार तथा यातायात मन्त्रालयले २८.१० प्रतिशत, स्वास्थ्य मन्त्रालयले २६.४३ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले २५.९१ प्रतिशत बजेट खर्च गरेको छ । सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले २.३० प्रतिशत बजेट खर्च गरेको मन्त्रालयले जनाएको छ ।

भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका कारण प्रदेश सरकारका संरचना क्षतिग्रस्त भएको, प्रदेश सरकारका निकायले राम्ररी काम गर्न नसकेको र बजेट कार्यान्वयन हुन सक्दा प्रदेश सरकारको खर्च कम देखिएको अधिकृत भण्डारीले बताए ।